# जिल्ला समन्वय समिति सिन्धुपाल्चोक

## सातौ जिल्ला सभामा प्रस्तुत




## २०८१/८२ को नीति तथा कार्यक्रम

जिल्ला समन्वय समिति

चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पुस २४, २०८१

# कृतज्ञता

जिल्ला समन्वय समिति चौतारामा सातौ जिल्ला सभा २०८१, जिल्ला समन्वय समितिका प्रमुख श्री बालकृष्ण श्रेष्ठको सभाध्यक्षतामा सभा सदस्य, अतिथि, सहजकर्ता तथा कर्मचारीहरहुको उपस्थितिमा सम्पन्न भयो । सो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकाले उहाँहरुप्रति धेरै आभार व्यक्त गर्न चाहन्छौ । यस कार्यक्रमको गरिमा बढाउनका लागि प्रमुख जिल्ला अधिकारी किरण थापाको उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

यस कार्यक्रममा आउनु भएका १२ वटा स्थानीय तहका प्रतिनिधि एवम् प्रमुख, उप-प्रमुख, अध्यक्ष, उपाध्यक्ष र पत्रकारहरुलाई पनि आभार व्यक्त गर्न चाहन्छौ । वहाँहरुको सक्रिय सहभागिताले कार्यक्रम निकै नै प्रभावकारी बनेको थियो ।

यसका साथ साथै यस जिल्ला समन्वय समितिका सम्पुर्ण कर्मचारीहरुको निरन्तर मिहिनेत र कार्यक्रमलाई सहजतापूर्ण सम्पन्न गर्न मद्दत गर्नुभएकोमा सम्पुर्ण जिल्ला समन्वय परिवारप्रति धेरै आभार व्यक्त गर्न चाहन्छौ ।

## परिचय

मिति २०८१ साल पुस १२ गते जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको आयोजनामा सातौ जिल्ला सभा जिल्ला समन्वय समितिका सिन्धुपाल्चोकका प्रमुख श्री बालकृष्ण श्रेष्ठको सभाध्यक्षतामा तपशिल बमोजिमको सहभागीहरुका सभा सदस्य, अतिथि, सहजकर्ता तथा कर्मचारीहरहुको उपस्थितिमा सम्पन्न भयो ।

## कार्यक्रम तालिका

| समय सिमा | कार्यक्रम |
|---|---|
| १०:३० - ११:३० | विहानी खाना /चिया तथा रजिष्ट्रेशन |
| ११:३० - ११:४० | अध्यक्षता र अतिथिको आसन ग्रहण |
| ११:४० - १२:०० | जिल्ला समन्वय समिति प्रमुखबाट कार्यक्रमको उदघाटन, राष्ट्रिय गान, परिचय, जिल्ला समन्वय समिति उप-प्रमुखबाट स्वागत मन्तव्य तथा अन्तरक्रिया कार्यक्रममाथि प्रकाश |
| १२:०० - १:०० | विभिन्न प्रदेश कार्यालयहरुको प्रस्तुति प्रत्येक कार्यालयको लागि ५/५ मिनेट |
| १:०० - १:२० | चिया ब्रेक |
| १:२० - २:२० | स्थानिय तहको प्रस्तुतिकरण, प्रत्येक स्थानिय तहको लागि ५/५ मिनेट |
| २:२० - २:४० | प्रमुख जिल्ला अधिकारी लगायत सहभागिहरुबाट मन्तव्य, |
| २:४० - २:५० | अध्यक्षज्यूबाट धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन |
| ३:०० | खाजा खाने समय |

## जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकको आर्थिक वर्ष २०८१/८२को वार्षिक नीति तथा कार्यक्रम

१ नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४को व्यवस्थाबमोजिम विशेष रुपमा जिल्ला समन्वय समिति एउटा समन्वयकारी भुमिका निर्वाह गर्ने संस्थाको रुपमा रहेको कुरा सबैलाई अवगत नै छ । यसको प्रमुख कार्य जिल्ला भित्रका सरकारी तथा गैरसरकारी निकायहरुबीच समन्वय सहजीकरण गर्ने रहेको छ । अत स्थानिय सरकार, केन्द्रिय सरकार तथा प्रदेश सरकार र यसका निकायहरुबीचको समन्वय, सहजीकरण र सहकार्य गरी विकास निर्माण, सेवा प्रवाह तथा अन्य क्रियाकलापमा जिल्लालाई अग्रसर बनाउने जिल्ला समन्वय समितिको मुख्य नीति तथा कार्यक्रम रहेको छ ।

२ जिल्लास्थित विकास निर्माण सम्बन्धी संचालित योजनाहरुको प्रगति तथा कार्यान्वयको अवस्थाको सम्बन्धमा आवश्यक अनुगमन गरिनेछ । साथै त्यस्ता योजना तथा कार्यक्रमहरुको वार्षिक तथा अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन गरिनेछ । त्यसै गरी जिल्लामा कार्यरत गैर सरकारी संस्थाहरुले प्रदान गरिरहेको सेवा तथा कार्यक्रम पनि वार्षिक, अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन गरिनेछ र सम्बन्धित निकायमा प्रतिवेदन पेश गरिनेछ ।

३ विपद प्रभावित जिल्लामध्ये सिन्धुपाल्चोक जिल्ला पनि प्रमुख जिल्ला भएकोले विपद व्यवस्थापनका लागि आवश्यक सहजीकरण र समन्वय गरिनेछ ।

४ जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्ग दलित लगायतका सिमान्तकृत तथा अल्पसंख्यक व्याक्तिहरुको हकहित तथा सामाजिक सुरक्षासँग सम्बन्धित समुदाय सँग अन्तरकृया तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५ स्थानिय तहका पदाधिकारीहरु ( दलित सदस्यहरुसहित ) लाई नेतृत्व बिकास र व्यवस्थापकिय सिप तथा सकारात्मक सोच प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

६ विपद व्यवस्थापन तथा वातावरणिय स्वच्छताका लागि विद्यार्थी तथा सर्वसाधारणका लागि जनचेतनामुलक तथा अन्य आवश्यक कार्यक्रम संचालन गर्न/गराउन आवश्यक पहल गरिनेछ ।

७ स्थानिय तहको बेरुजु सम्परिक्षण तथा फछर्योट सम्बन्धी कार्यक्रम विभिन्न स्थानिय तहसँग आवश्यक सहजिकरण र समन्वय गरिनेछ ।

८ स्थानिय तहमा दहत्तर बहत्तरको संकलन तथा व्यवस्थापनसम्बन्धी अध्ययन तथा प्रतिवेदन तयार गरिनेछ।

९ यस सिन्धुपाल्चोक जिल्लालाई कृषि, पशुपंक्षीपालन र पर्यटकीय क्रियाकलापमार्फत आत्मनिर्भर बनाउने दिशामा अग्रसर गराउनका लागि सबै स्थानिय निकायहरुसंगको सहकार्यमा आवश्यक पहलकदमी, समन्वय र सहजीकरण गरिनेछ ।

१० जिल्ला समन्वय समितिमा रहेको मौज्दात कोषको परिचालनका लागि मौजदात कोष सञ्चालन निर्देशिका २०७५ बमोजिम आवश्यक योजना छनौट गरी सञ्चालन गरिनेछ । त्यस सन्दर्भमा विगतमा छनौट भइ जिल्ला समन्वय समितिसँग सम्झौतासमेत भएका तर हालसम्म पनि कार्यान्वयन नभएका योजनाहरुको लागि स्थानिय तहमा पठाइएको रकम जिल्ला समन्वय समितिको मौजदात कोषमा फिर्ता गर्ने व्यवस्थाका लागि सम्बन्धित स्थानिय तहहरुसँग अनुरोध गरेको छु ।

साथै, बाग्मती प्रदेश सरकारको नदिजन्य पदार्थ संकलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५को दफा १५ को उपदफा ४ बमोजिम नदिजन्य पदार्थबाट प्राप्त राजस्व रकमको ०.५ प्रतिशत रकम जिल्ला समन्वय समितिमा पठाउने व्यवस्थाका लागि सबै सदस्यज्यूहरुमार्फत सम्बन्धित स्थानिय तहलाई अनुरोध गरेको छु ।

११ यो नीति तथा कार्यक्रमका लागि जिल्लाभित्रका स्थानिय तह तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुबाट आवश्यक समन्वय र सहजीकरण हुनेछ भन्ने अपेक्षासमेत राखेको छु ।

१२ प्रदेश तथा स्थानिय तहबाट कार्यान्वयन भएका कार्यक्रम तथा आयोजनाहरुको निरन्तर अनुगमन तथा मुल्यांकन गरिनेछ ।

१३ प्रदेश सरकारको स्वीकृत कार्यक्रमानुसार संघीय तथा प्रदेश सरकारबाट सञ्चालित विभिन्न प्रदेशस्थित कार्यालयहरु र स्थानिय तहका पालिकाहरुमा विकास योजनासँग सम्बन्धित विनियोजित बजेट र सञ्चालित आयोजना/तथा योजनाका सम्बन्धमा विभिन्न स्थानीय तहहरु र जिल्लास्थित कार्यालयहरुविच छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना सम्पन्न गरिएको ।

आर्थिक वर्ष २०८१/८२ मा संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको बजेटबाट चालु आ.व.मा सञ्चालन गरिने कार्यक्रमहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

उपस्थित स्थानिय तहका प्रतिनिधिहरुले प्राप्त गर्नुभएका आयोजनाहरुको पनि यसरी नै प्रस्तुती गर्नुभयो। सो उपर उठेका प्रश्न र जिज्ञासामा पनि छलफल गरियो ।

# निष्कर्ष

आर्थिक वर्ष २०८१/८२को पहिलो त्रैमासिक प्रदेश तथा स्थानीय निकायका विषयमा समन्वय तथा अन्तरक्रिया कार्यक्रममा यस सिन्धुपाल्चोक जिल्ला अन्तर्गतका कार्यालयहरुको राम्रो उपस्थितिका साथसाथै यस जिल्लामा रहेका स्थानीय तहहरुको एकतृत उपस्थितिले यस अन्तरक्रिया कार्यक्रमको सोभा बढेको छ । यस कार्यक्रममार्फत प्रदेशका कार्यलय र स्थानीय तहबीच रहेका केही प्रश्न र ग्यापहरुको पहिचान गर्ने अवसर पनि यही कार्यक्रममार्फत भयो ।

अन्तत यस कार्यक्रमबाट प्रदेशका कार्यालय र स्थानीय तहहरुले कुनै पनि आयोजना सम्पन्न तथा कार्य गर्दा एक अर्काबिच समझदारीपुर्वक समन्वय गर्ने, आयोजना कार्यान्वयन गर्दा सहजतापुर्वक गर्ने र केही समस्या उत्पन्न भएमा मिलेमतोमा जाने जस्ता छलफलका कार्यहरु भयो ।

तस्बिरहरु




प्रमुख जिल्ला अधिकारी ज्यूले आफ्नो भनाई राख्दै




जिल्ला समन्वय प्रमुखबाट समापन



त्रिपुरासुन्दरी गा पाको अध्यक्षको गुनासा व्यक्त गर्दै




जिल्ला समन्वय उप-प्रमुखद्वारा मन्तब्य व्यक्त



ईन्द्रावती गा पा का अध्यक्षबाट प्रश्न






अतिथि ग्रहण समारोह